नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आषाढ/श्रावण २०७७ (July 2020) वर्ष २४/अङ्क २७७

## परमेश्वरले हाम्रो सुरक्षा गर्नुहुन्छ

पाष्टर प्रेम श्रेष्ठ

भजनसंग्रह ९१:

कुनै समयमा कुनै एउटा गाउँमा खडेरी पर्दा सबैको खेतीपाती सुकेर गयो तर खीष्टियनहरूको खेतबारीमा खडेरी नपरेको जस्तो हरियो बोट-विरुवाहरू थियो । यस्तोमा अखीष्टियनहरूलाई यिनीहरूले राती-राती धेरै तल खोलाबाट पानी ओसारेछन् भन्ने लागेर चियो गर्न थालेछन् तर तिनीहरूले त्यसो गरेको फेला परेन । त्यस्तै केही समयपछि त्यहाँ हैजा रोगको महामारी फैलियो, यस्तोमा खीष्टियनहरू भेटेर प्रार्थनामा समय बिताउन लागे । गाउँभरि धेरै मानिसहरू र बाल बच्चाहरूको ज्यान गयो । गाउँभरि हाहाकार मच्चियो तर परमेश्वरको छोराछोरीहरूलाई केही पनि भएन । जब प्रार्थना गर्न थाल्छौं, परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ । मान्छेहरूले इसाईहरूलाई Target गर्न थालेका छन् । खीष्टियनहरू के-कसो गर्दछन् ? हाम्रो घरको सुरक्षा हाम्रो बीचमा छ, परमेश्वर हामीसँग हुनुहुन्छ । महामारीको हल्लाको बीचमा हाम्रो परमेश्वरको सुरक्षा हाम्रो बीचमा छ । हामी उहाँमा निर्धक्क रहन सक्छौं । किनभने परमेश्वर हामीसँग रहनुहुन्छ, हामीसँग बास गर्नुहुन्छ, **"मेरा साना बालकहरू, तिमीहरूचाहिँ परमेश्वरका हौ, र तिनीहरूमाथि विजयी भएका छौ । किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ"** (१ यूहन्ना ४:४) ।

हाम्रो सुरक्षाको जिम्मा उहाँसँग छ । संसारमा कहीँ पनि सुरक्षा छैन, असुरक्षित संसारमा नै छौं हामी । यसअघि पनि संसारमा धेरै थरिका डरलाग्दा महामारीहरू फैलियो जस्तैः इबोला, सार्स, प्लेग आदि । यस्ता कुराहरू आइनैराख्छन् तर हामी परमेश्वरमा निर्धक्क रहन सक्छौं तर लापरवाही गरेर भने होइन, हाशियारीसँग । सबै भविष्यका डर, चिन्ता हामीबाट हटेर जानेछ किनभने परमेश्वर हामीसँग हुनहुन्छ जो हामीमा बास गर्नुहुन्छ । यदि हामी परमेश्वरमा छौं भनेदेखि हामीले चारवटा कुराहरू याद गर्नुपर्ने हुन्छ ।

**१. परमेश्वर पिताले हामीलाई चारैतिरबाट घेरेर सुरक्षित राख्नुभएको हामीले देख्नुपर्छ ।**

**"निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट, र घातक रूढीबाट बचाउनुहुनेछ । उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ, र उहाँको पखेटामुनि तिमीले शरण पाउनेछौ । उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ"** (भजनसंग्रह ९१:३-४) ।

शैतान त्यो बेला मात्र तर्सिन्छ जब तपाईं र मैले परमेश्वरको वचन दावी गर्छौं । जब शैतानले येशूलाई परीक्षामा पार्‍यो तब येशूले परमेश्वरको वचन चलाउनुभयो अनि शैतान येशूदेखि भागेर गयो । आज तपाईं र मैले पनि वचनहरू सुनेर, पढेर वचन दावी गर्छौं भने हामीमा सर्वशक्तिमानको छायाँ रहन्छ । त्यसको शिर उहाँको पखेटाले ढाकिएको हुन्छ । परमेश्वरको उपस्थितिको पखेटाले हाम्रो घर, हाम्रो परिवारलाई छोपिराखेको छ, खीष्ट येशू प्रभुले तपाईं र मलाई छोप्नलाई परमेश्वरको उपायअनुसार क्रूसको दुःखलाई भोग्नुभयो । खीष्ट येशू हाम्रो छत, हामीलाई छोप्ने पखेटा हुनुहुन्छ **"एक हजार जना तिम्रो नजीक लोट्लान्, र तिम्रो दाहिने हाततर्फ दश हजार जना तर तिम्रो नजीक त्यो आउनेछैन"** (भजनसंग्रह ९१:७) । प्रभुको शक्तिमा हाम्रो छेउछाउमा केही पनि आउनेछैन । उहाँको सुरक्षाको लागि हामीले उहाँसँग प्रार्थना गर्नुपर्दछ । हामी होशियार रहनुपर्दछ, अरू मानिसहरूलाई यो अहिले फैलिरहेको रोगले छुँदैन, प्रार्थना गर्नुपर्छ भनेर भन्ने कामहरू नगरौं । उहाँहरूले यस्ता कुराहरू बुझ्नुहुन्न ।

**"तिमीले सिंह र गोमनलाई कुल्चनेछौ, जवान सिंह र सर्पलाई तिमीले पैतालामुनि लतार्नेछौ"** (भजनसंग्रह ९१:१३) । पद ७ अनुसार दायाँ बायाँ सुरक्षा छ अनि १३ पदअनुसार जवान सिंह र सर्पलाई पैतालामुनि लतार्ने शक्तिद्वारा परमेश्वरले हामीलाई ३६० डिग्रीमा सुरक्षित राख्नुहुन्छ, उहाँको अनुग्रहले हामीहरू ढाकिएका छौं ।

**२. हामीले परमेश्वरको वचनलाई दावी गर्दै प्रार्थना गर्नुपर्दछ ।**

शैतान धेरै विद्वान वा जानेका मान्छे देखेर डराउँदैन । जब हामी परमेश्वर पिताकहाँ उहाँको वचन दावी गर्छौं तब शैतान हामीबाट भागेर जान्छ । **"यसकारण आफैलाई परमेश्वरको अधीनमा राख । दियाबलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ"** (याकूब ४:७) । परमेश्वरको नजीक गयौं भने उहाँ हाम्रो नजीक आउनुहुनेछ र शैतान भागेर जानेछ । **"हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट आएको हो, यो वरदान ज्योतिका पिताबाट आउँछ । बदलिरहने छायाँजस्तो उहाँमा कुनै हेरफेर हुँदैन"** (याकूब १:१७) । परमेश्वरले हामीलाई खराब कुरा दिनुहुन्न, उहाँले सधैँ हामीलाई असल कुराहरू दिनुहुन्छ । सबै खालका समस्याहरू आउँछन् र जान्छन् । हामी उहाँमा सुरक्षित छौं, आफ्नो लागि प्रार्थना गर्नुपर्छ र उहाँको सुरक्षा माग्नुपर्छ । संसारमा कहीँ पनि सुरक्षित स्थान छैन । केवल येशूको रगतको घेराभित्र मात्र सुरक्षा छ । आमेन् ! त्यसैले हामी जथाभावी बोल्दै नहिँडौं र जथाभावी कुराहरू नसुनौं र परमेश्वरले हामीलाई असल कुराहरू दिनुहुनेछ ।

**"तिमी रातको ठूलो त्रासदेखि, र दिनमा उडेर आउने वाणदेखि**

**डराउनेछैनौ”** (भजनसंग्रह ९१:५) ।

किनभने हामी सुरक्षित छौं । येशूको रगतमा, वचनमा शक्ति छ । त्यो शक्तिको महसुस हामीले तब गर्छौं जब हामीले आफैलाई त्यहाँ ल्याउँछौं । **“जो परमप्रधानको शरणमा बास गर्दछ, त्यो मानिस सर्वशक्तिमानको छत्रछायाँमुनि रहन्छ”** (भजनसंग्रह ९१:१) । हाम्रो जिम्मा उहाँले नै लिनुहुनेछ ।

**३. येशूको शक्तिशाली रगतको छिर्का शत्रुको हतियारको विरुद्ध प्रयोग गर्नुपर्दछ ।**

हरेक बिहान उठेर येशूको रगतको सुरक्षाको घेराभित्र आफैलाई लानुपर्छ । मानिसहरूले २००० वर्षअघि येशूले बगाउनुभएको रगत बासी भइसक्यो । अब त्यो रगतले काम गर्दैन भन्ने तर्कहरू दिन थालेका छन् । धेरै मानिसहरूलाई यसको अर्थ र मतलव थाहा छैन । पापी रगत मात्र हो काम नलाग्ने । येशूको पवित्र पवित्र महापवित्र रगत सधैँभरि काम लाग्छ । तपाईं नुहाउन जानुभयो र साबुन राखेको ठाउँमा बसेर पानी मात्र हालेर नुहाउनुभयो तर साबुन प्रयोग गर्नुभएन भने त्यो साबुनले काम गर्दैन । यदि त्यो साबुनले काम गर्नु हो भने त्यो साबुन प्रयोग गर्नुपर्‍यो र त्यसले तपाईंलाई सफा बनाउँछ । त्यस्तै येशूको पवित्र रगत जो सारा मानव जातिको उद्धारको निम्ति, सुरक्षाको निम्ति बगाइएको हो, त्यो रगतको छिर्काउ जब हामी माग्छौं र त्यो सुरक्षाभित्र जान्छौं तब मात्र त्यो रगतले काम गर्छ । हामीले हेरेर, सुनेर मात्र भएन हामी त्यो रगतको सुरक्षाभित्र जानुपर्‍यो तब मात्र हामी सुरक्षित हुन्छौं ।

**४. आफ्नो परिवार र आफन्तको लागि जीवन दिने वचनहरू बोल्नुहोस् ।**

**“जीवन र मृत्युको शक्ति जिब्रोमा हुन्छ”** (हितोपदेश १८:२१) ।

हाम्रो हात अरूलाई आशिष् दिनलाई हो, हाम्रो जिब्रो अरूको लागि आशिष् बोल्नलाई हो । हाम्रो हात र जिब्रो हामीले केका लागि चलाइराखेका छौं ? बाइबलले भन्छ, “जीवन र मृत्युको शक्ति जिब्रोमा हुन्छ ।” तपाईं र मैले आशिष् बोल्छौं भने मानिसहरूलाई आशिष् लाग्छ । यदि सराप्न थाल्छौं भने त्यो राम्रो भएन । जसरी एउटै कुवामा दुईथरि पानी हुँदैन त्यसैगरी एउटै मुखबाट आशिष् दिने र सराप्ने दुवै कुरा हुँदैन । हामीले आशिष् दिनुपर्छ । **“अब्राम, तँ नडरा । तेरो ढाल म नै हुँ, र तेरो इनाम अत्यन्त ठूलो हुनेछ”** (उत्पत्ति १५:१) । परमेश्वर अब्रामसँग बोल्नुभयो अनि परमेश्वर बोल्नुभएकोलाई हिब्रूमा ‘डाबार’ भन्दछ । **“आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो”** (यूहन्ना १:१) । हाम्रो मुखबाट कस्ता खालका कुराहरू निस्कँदैछन् ? हामीले यो कुरा ख्याल गर्नुपर्दछ । किनभने हामी आशिष् पुर्‍याउने र फैलाउने जातिहरू हौं । **“अब चाडको पछिल्लो दिन, अर्थात् चाडको प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्”** (यूहन्ना ७:३७-३८) ।

यदि हामी यी ४ कुराहरू गर्छौं भने शत्रुहरू हाम्रो नजीक आउनेछैनन् अनि तिनीहरूलाई परमेश्वरले परास्त गर्नुहुनेछ । परमेश्वरले उहाँका छोराछोरीहरूको छेउमा नजान तिनीहरूलाई आज्ञा गर्नुहुनेछ किनभने उहाँमा त्यो शक्ति छ । परमेश्वरले आफ्नो जातिलाई जोगाउनुहुनेछ । आमेन् ।

## हार्दिक बधाई



फागुन १९ गते/माच २ तारिख सोमबार नेइम जोरपाटी चर्चको सदस्य श्री **निर बहादुर पुलामी** र हेर्मोन एजिएन चर्चकी सदस्य सुश्री **रोजिता आले मगर**को हेर्मोन एजिएन चर्च, ओखलढुंगामा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **निर बहादुर** र **रोजिता पुलामी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



चैत्र १० गते/माच २३ तारिख सोमबार नेइम गोंगबूँ चर्चको सदस्यहरू श्री **बिमलेश बोहोरा** र सुश्री **रूपा मगर**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **बिमलेश** र **रूपा बोहोरा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



चैत्र ३ गते/माच १६ तारिख सोमबार नेइम जोरपाटी चर्चको सदस्यहरू श्री **पूर्ण बहादुर लिम्बू** र सुश्री **माया तामाङ्ग**को नेइम जोपाटी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **पूर्ण बहादुर** र **माया लिम्बू**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

# जानकारी



टेकू बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री पूर्ण बहादुर लामा चैत्र ९ गते/मार्च २२ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



वानेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री सुन्दर भण्डारी खत्री २७ वर्षको उमेरमा चैत्र १० गते/मार्च २३ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



ज्ञानधारा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री आश कुमार ताम्राकार ५६ वर्षको उमेरमा चैत्र १७ गते/मार्च ३० तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

सिर्जनानगर बस्नुहुने नेइम सिर्जनानगर मण्डलीको सदस्य श्रीमती बिजुला थापा ६९ वर्षको उमेरमा चैत्र २८ गते/अप्रिल १० तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।



कुपण्डोल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री पिटर जे. कार्थक ७६ वर्षको उमेरमा वैशाख १० गते/अप्रिल २२ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।



नाङ्गलेभार बस्नुहुने नेइम जहरसिंह पौवा मण्डलीकी सदस्य श्रीमती कान्छी घ्लान ७७ वर्षको उमेरमा वैशाख ७ गते/अप्रिल १९ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



चाँपबोट बस्नुहुने नेइम जहरसिंह पौवा मण्डलीको सदस्य श्री इन्द्र बहादुर नापित ६६ वर्षको उमेरमा वैशाख ८ गते/अप्रिल २० तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



थानकोट बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य श्रीमती चिनी कुमारी श्रेष्ठ प्रभुमा सुत्नुभयो ।



बागडोल बस्नुहुने नेइम ललितपुर मण्डलीकी सदस्य श्रीमती विष्णु माया राई वैशाख २२ गते/मे ४ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



इतुंबहाल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री लाल बहादुर अधिकारी ५५ वर्षको उमेरमा जेष्ठ ११ गते/मे २४ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



थली बस्नुहुने नेइम जोरपाटी मण्डलीको सदस्य श्री यम लाल श्रेष्ठ ६७ वर्षको उमेरमा जेष्ठ १२ गते/मे २५ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



गाम्चा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य श्रीमती शान्ति राई १०० वर्षको उमेरमा जेष्ठ २७ गते/जून ९ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



भुवलडाँडा बस्नुहुने नेइम जोरपाटी मण्डलीकी सदस्य श्रीमती सुक माया लामा ९४ वर्षको उमेरमा जेष्ठ २८ गते/जून १० तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

१. वर्तमान समयमा देखा परेका महामारीको समस्या समाधान गर्नको लागि देशको सरकारमा रहनुभएकाहरूलाई चाहिएको ज्ञान बुद्धि मागिदिऔं ।

२. सारा विश्वभरि फैलिरहेको कोराना भाइरसको कारण आर्थिक स्थिति कम्जोर भएका, बिरामी हुनुभएकाहरू, शोकमा परेका परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।

३. झरी वर्षाको समयमा प्राकृतिक प्रकोप, बाढी पहिरोको कारण आइपर्ने विपत्तिबाटको सुरक्षा साथै मौसम परिवर्तनको कारण देखिने सबै किसिमका रोगबिमारहरूको विरुद्धमा प्रार्थना गरिदिऔं ।

६. वर्तमान परिपस्थितिमा नेइमअन्तर्गतका मण्डली, शाखा आवद्ध मण्डली साथै देशमा रहेका सम्पूर्ण मण्डलीहरू, साथै पढाइ, काम र अन्य कुराको लागि विदेशमा हुनुभएकाहरू सबैको सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २१ 5<br>सबै विश्वासीहरू सबै परिस्थितिमा प्रभुमा स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं।<br>हिब्रू १२:१-३ | २८ 12<br>नेइमअन्तर्गत विभिन्न शाखा आवद्ध मण्डलीहरूमा वचनको भोक तिर्खा बढेर गएको होस्।<br>भजनसंग्रह १०७:९ | ४ 19<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैँ हेरचाह गरिरहन सकून्।<br>भजनसंग्रह ७८:७०-७२ | ११ 26<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून्।<br>यशैया ४५:१८-२५ |
| **सोमबार**<br>Monday | २२ 6<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं।<br>रोमी १२:१-२, | २९ 13<br>हामी परमेश्वरका छोराछोरीहरू सधैँ दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं।<br>हिब्रू ५:११-१४ | ५ 20<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून्।<br>प्रेरित २०:२८-३२ | १२ 27<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैँ इमान्दार भइरहन सकौं।<br>२ कोरिन्थी ९:६-७,११ |
| **मंगलबार**<br>Tuesday | २३ 7<br>संसारका देवहरूले बन्द बनाएका मानिसहरूको समक्ष खोलिएको होस् भनी प्रार्थना गरौं।<br>२ कोरिन्थी ४:४, १०:३-५ | ३० 14<br>मण्डली परिवार सधैँ एक आपसमा प्रेम, मेलमिलापमा रही असल साक्षीद्वारा परमेश्वरको महिमा गर्न सकौं।<br>यूहन्ना १३:३४-३५ | ६ 21<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं।<br>मत्ती १८:१८ | १३ 28<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं।<br>भजनसंग्रह २३:१-६ |
| **बुधबार**<br>Wednesday | २४ 8<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून।<br>प्रेरित ११:१९-२१ | ३१ 15<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं।<br>भजनसंग्रह ११९:१-१८ | ७ 22<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा गर्दै र दाबी गर्दै आशिषित भएर जिउनेहरू हुँदै जान सकौं।<br>२ पत्रुस १:३-४ | १४ 29<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस्।<br>रोमी १४:१९ |
| **बिहीबार**<br>Thursday | २५ 9<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं।<br>भजनसंग्रह २५:४-५ | १ साउन 16<br>दुःख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ४०:२७-३१ | ८ 23<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासी-हरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा, वचन र प्रार्थनामा स्थिर रहन सकून्।<br>यशैया २६:३-४ | १५ 30<br>सबै ख्रीष्टियन संघ संस्थाहरूको काममा र कर्मचारीहरूको लागि प्रार्थना गरिदिऔं।<br>प्रेरित २०:२४ |
| **शुक्रबार**<br>Friday | २६ 10<br>सबै अगुवा गुरुजनहरू र उहाँहरूको परिवारको निम्ति परमेश्वरबाटको सुरक्षा मागिदिऔं।<br>भजनसंग्रह १२५:१-२ | २ 17<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना बाल बालिकाहरू साथै छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून्।<br>रोमी ६:४ | ९ 24<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून्।<br>एफिसी ४:१-६ | १६ 31<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं।<br>यर्मिया १७:८ |
| **शनिबार**<br>Saturday | २७ 11<br>वचनको प्रकाशको निम्ति हाम्रो आत्मिक आँखा खोलिएको होस्।<br>भजनसंग्रह ११९:१८ | ३ 18<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं।<br>गलाती ५:२२-२५ | १० 25<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं।<br>भजनसंग्रह १:१-६ | १७ August 1<br>इस्राएल देशका यहूदी जातिहरूको लागि प्रार्थना गरिदिऔं।<br>आमोस ९:१३-१५ |

**जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ ।**

**यशैया २६:३-४**